**चुलाचुली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चुलाचुली, ईलाम**
**१ नं. प्रदेश, नेपाल**

**रोजगार संयोजकको पदपूर्ति गर्ने सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०७८/०१/०३ (16 April 2021)**

प्रस्तुत विषयमा **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको** च.नं. १७७, मिति २०७७/०२/१५ को पत्रानुसार यस चुलाचुली गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि अवश्यक **रोजगार संयोजक** पद करारमा पदपूर्तिका लागि निम्न वमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले १५ दिनभित्र माग वमोजिमका विवरण र राजश्व तिरेको रसिदसहित यस कार्यालयमा निवेदन दिनहुन अनुरोध छः

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सङ्ख्या |
|---|---|---|---|---|
| १ | ०६/२०७७/०७८ | रोजगार संयोजक | अधिकृत छैटौं तह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव**
   (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।
   (ख) दस्खास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
   (ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको ।
   (घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
   (ङ) कम्प्युटरसम्बन्धी देहाय वमोजिमको ज्ञान सीप भएको:
      १. नेपाली र अङ्ग्रेजीमा दक्षतापूर्वक टाइपिङ गर्न सक्ने ।
      २. Computer, Printer, Scanner, Multimedia लगायतको उपकरणको प्रयोग गर्न सक्ने सीप भएको ।
      ३. MS-office (Word, Excel, Access, Power Print आदी) को प्रयोग गर्न सक्ने क्षमता भएको ।
      ४. इमेल इन्टरनेटसम्बन्धी आधारभूत ज्ञान भएको ।
      ५. व्यवस्थापन सूचना प्रणाली (MIS) सम्बन्धी आधारभूत ज्ञान भएको ।

२. **दरखास्त दिने स्थानः** चुलाचुली गाउँपालिकाको कार्यालय, इलाम ।

३. **दरखास्त दिने अन्तिम मितिः** २०७८ बैशाख १७ गते कार्यालय समयभित्र

४. **आवेदन दस्तुरः** रु. १०००। (एक हजार)

५. **छनोटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र मौखिक परीक्षा ।

६. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय वमोजिमका कागजातहरुको प्रतिलिपिहरुः
   - नेपाली नागरिकता
   - न्यूनतम योग्ताको लाब्धाङ्क प्रमाणपत्र
   - चारित्रिक प्रमाणपत्र
   - अनुभव खुल्ने कागजात
   - २ प्रति पासपोर्ट साइजको फोटो

७. **सेवा सुविधाः** स्थानीय सेवाको सोही पदले पाउने सुरु तलव स्केल बराबरको तलब, पोशाक भत्ता र चाडपर्व खर्च पाउने छ ।

८. **पदले सम्पादन गर्नु पर्ने कार्यविवरणः** रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को दफा १४ वमोजिमको हुनेछ ।
   *नोटः* रोजगार संयोजकको पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np र आवेदनको ढाँचा चुलाचुली गाउँपालिकाको वेभसाइट www.chulachulimun.gov.np मा सहेत उपलब्ध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत